नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

## खण्ड ६, संख्याः ७, फाल्गुण ३० गते, २०७९ साल

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०७९

गाउँ कार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९

**प्रस्तावनाः**
सिद्धलेक गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुच बाट टाढा रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्‍याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धिगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) को अधिकार प्रयोग गरी सिद्धलेकगाउँपालिकागाउकार्यपालीका ले देहायको कार्यविधिजारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९" रहेको छ।
(ख) यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :-

(क) "एम्बुलेन्स " भन्नाले बिरामी ओासार्ने स्विकृति प्राप्त गरेको बाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र परिचारिका समेतलाई जनाउँछ।

(ख) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनु पर्छ।

(ग) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

(घ) "गाउँपालिका" भन्नाले सिद्धलेक गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) "सेवाशुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबापत सेवाग्राहीले बुझाउनु पर्नेगरी कार्यविधि लेतोकेको शुल्क सम्झनु पर्छ

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवाव्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ।

(छ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति :**

(१) एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन, अनुगमन तथा रेखदेख गर्न देहायको पदाधिकारीहरु रहेको एक गाउँ एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष- संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृत - सदस्य

(ग) अध्यक्षले तोकेको १ जना कार्यपालिका सदस्य - सदस्य

(घ) प्रतिनिधि, गाउँ रेडक्रस सोसाईटी, सिद्धलेक - सदस्य

(ड.) गाउँपालिकाको स्वास्थ्यशाखा प्रमुख - सदस्य सचिव

(२) समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(३) समितिको बैठक आवश्यकताअनुसार बस्नेछ। समितिको वैठक भत्ता गाउँकार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम, कर्तव्य र अधिकार :** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सेवापारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने।

(ख) चालकले पालना गर्नुपर्ने आचार संहिता लागू गराउने। यस कार्यविधि अनुसारको आचार संहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचार संहिता पालना गर्न लगाउने।

(ग) एम्बुलेन्स सेवाको बारेमाकुनै गुनासो तथाउजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने। एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने।

(ङ) सरोकारवाला तथा अन्य सङ्घसस्थाहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवाबारे समिक्षा बैठक गर्ने ,

(च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(छ) चालकले अनुसुची-बमोजिम सेवाशुल्कलिई बैक/कोषमा दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने ।

(ज) सेवा शुल्कका परिमार्जन गर्नुपरेमा सिफारिस गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवाप्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. सेवाशुल्क सम्बन्धी व्यवस्था :**

(१) एम्बुलेन्स सेवाप्रयोग गरेबापत सम्बन्धित सेवाग्राहीले गाउँकार्यपालिकाले तोके बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवाबापत उठेको रकम गाउँपालिकाले एक अलग बैक खाता/कोष खडागरी त्यसमा जम्मा गर्नेछ वा गाउँपालिकाको संचितकोष खातामा जम्मा गर्न सक्नेछ ।

(३) सेवाशुल्क बापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ। नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखिनेछ ।

(४) सेवा दिए बापत लिइने सेवाशुल्क नगदी रसिद काटी बैक खातामा जम्मागर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(५) कोषको रकम गाउँकार्यपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतया चालकको तलवभत्ता, इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ ।

**६.चालकको नियुक्ति र सेवा सुविधा :**

(१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँकार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियुक्ती गर्नेछ ।

(२) चालकको सेवा सुविधादफा (३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम बापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट वेहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची-२ बमोजिम हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :**

(१) एम्बुलेन्स सिद्धलेक गाउँपालिका कार्यालय वा स्वास्थ्य केन्द्र रहेको स्थानमा रहनेछ ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेबारी चालकको हुनेछ ।

**८. विविध** :

(१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची-३ बमोजिम हुनेछ ।

(२) एम्बुलेन्समा सवार विरामी, विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ ।

(३) यस कार्यविधिमा आवश्यकता अनुसार संसोधन र हेरफेर समितिको सिफारिसमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

सिद्धलेक गाउँपालिका

अनुसूची-१

(कार्यविधिदफा (५) संग सम्बन्धित सेवाशुल्क सम्बन्धी दररेट)

| क्र. सं. | देखी | सम्म | दररेट(रु) | कैफीयत |
|---|---|---|---|---|
| १ | सिद्धलेक गाउँपालिका, धादिङबाट | काठमाण्डौ | प्रति कि. मि. पक्की बाटो रु. ८५/- | |
| २ | सिद्धलेक गाउँपालिका, धादिङबाट | धादिङबेंसी | प्रति कि. मि. पक्की बाटो रु. ८५/- | |
| ३ | सिद्धलेक गाउँपालिका, धादिङबाट | पोखरा महानगरपालिका कास्की | प्रति कि. मि. पक्की बाटो रु. ८५/- | |
| ४ | सिद्धलेक गाउँपालिका, धादिङबाट | भरतपुर | प्रति कि. मि. पक्की बाटो रु. ८५/- | |
| ५ | सिद्धलेक गाउँपालिका, धादिङबाट | जता सम्म पठाउन सकिन्छ | प्रति कि. मि. कच्ची बाटो रु. १२०/- | |

सिद्धलेक गाउँपालिका

अनुसूची-२

(कार्यविधिको दफा ६ को उपदफा (३) सँग सम्बन्धित) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१) एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९ लाई पूर्णतःपालना गर्नुपर्ने,

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै कामगर्न नहुने,

३) मादकपदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,

४) बिरामीको ओसारपसार तथाउपचार गनेए क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५) आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

६) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफु माभएका पेशागत दक्षता आफ्नो क्षेत्रकाअरुलाई पनिसिकाउनु पर्ने,

७) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

८) बिरामीलाई बिच बाटोमा छाड्न नहुने,आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिनसक्ने,

९) अस्पताल पूर्वसेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्धत पुऱ्याउनु पर्ने,

१०) आफुले उचित देखेको बिरामीको गुणस्तरिय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

११) नेपाल सरकारले प्रतिवन्ध लगाएका बस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ........................................ (नाम) .................................... ठेगाना .................................. ना.प्र.प.नं. ..................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. ........................................... ले माथिको उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । ........................................ जिल्ला ..................... संस्थाको एम्बुलेन्स चलाउदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहीछाप गरेको छु ।

चालकको :
दस्तखत :

प्रमाणित गर्ने व्यक्तिको :

दस्तखत :
मिति :

नाम/पद :
मिति :
संस्थाको छाप

अनुसूची ३

(निर्देशिकाको दफा ८ को उपदफा (१) सँग सम्बन्धीत) "ग"वर्गको (Common Life Support (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aidका सामानहरु,
- Oxygen Cylinder, Flow Meter / Mask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिनसक्ने व्यवस्था,
- Stretcher Cum Board,
- Stethoscope, B.P. Apparatus, Torchlight,
- Driver With basic training in first aid and emergent medicine.

सिद्धलेक गाउँपालिका